Contact: Mukunda Aryal
Rastriya Banijya Bank Ltd.
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

Singhadurbar Plaza
Kathmandu

**Rastriya Banijya Bank Ltd.**

# Press Release

## राष्ट्रिय वाणिज्य बैंकद्वारा शैक्षिक सामग्री वितरण

चैत १० भक्तपुर

राष्ट्रिय वाणिज्य बैंकले स्वर्ण जयन्ती वर्षको अवसरमा ग्रामीण क्षेत्रमा अध्ययनरत वालवालिकालाई शैक्षिक सामग्री वितरण कार्य आरम्भ गरेको छ। यसै क्रममा बैंकले हालै भक्तपुर जिल्लाको दुर्गम स्थान सिपाडोलमा संचालित सरस्वती निम्न माध्यमिक विद्यालयमा अध्ययनरत ७० विद्यार्थीलाई कापी,कलम, ज्यामिति वाकस र किताव कापी राख्ने झोलासहितको शैक्षिक सामग्री वितरण गरेको छ। राष्ट्रिय वाणिज्य बैंकका का.मु. नायव महाप्रवन्धक सुशिल श्रेष्ठले सिपाडोलमा आयोजित एक समारोहका बीच यस कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगत बहादुर लामाको सभापतित्वमा संचालित उक्त कार्यक्रममा विद्यालयका प्रधान अध्यापक शान्त वहादुर तामांगले आफनो स्वागत मन्तव्यमा यस विद्यालयमा अध्ययनरत विपन्न्न वालवालिकालाई शैक्षिक सामग्री वितरण गरेकोमा प्रशन्नता व्यक्त गर्दै आगामी दिनमा समेत बैंकबाट अन्य सहयोग प्राप्त हुने अपेक्षा प्रकट गर्नुभएको थियो । सो अवसरमा बैंकका का.मु. नायव महाप्रवन्धक सुशिल श्रेष्ठले यस देशको भविष्यको रुपमा रहेका वालवालिकाको शिक्षा स्वास्थ्यको विकासका निम्ति बैंकले आगामी दिनमा समेत हरसंभव सहयोग पुरयाउने प्रतिवध्दता प्रकट गर्नुभएको थियो । उक्त कार्यक्रममा सोही विद्यालयका शिक्षक पन्चमाया तामांगले अतिथिहरुलाई पुष्पगुच्छाले स्वागत गर्नुभएको थियो भने सोही विद्यालयका शिक्षक नरेन्द्र सिंह धामीले कार्यक्रम संचालन गर्नुभएको थियो। बैंकको स्वर्ण जयन्ती वर्षको अवसरमा संस्थागत सामाजिक दायित्व कार्यक्रम अन्तर्गत बैंकको शाखा कार्यालय सूर्य विनायकको पहलमा आयोजित उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका वरिष्ठ अधिकृतहरु लगायत विद्यालय परिवारको समुपस्थिति थियो।

**Release March 24, 2015**